# निजगढ राजपत्र

## निजगढ नगरपालिकाद्वारा प्रकाशित

खण्डः १०    संख्याः १    मितिः २०८३/०१/२४


भाग - २

## निजगढ नगरपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०८३

प्रस्तावनाः निजगढ नगरपालिका क्षेत्र भित्रका आर्थिक रुपले विपन्न तथा जेहेन्दार उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई शैक्षिक निरन्तरताको लागि छात्रवृत्ति प्रदान गर्ने उदेश्यले निजगढ नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी निजगढ नगरपालिका नगरकार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "निजगढ नगरपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भई निजगढ नगरपालिकाको राजपत्रमा प्रकाशित हुनासाथ लागू हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "कार्यालय" भन्नाले निजगढ नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

ख) "नगरपालिका" भन्नाले निजगढ नगरपालिकालाई सम्झनु पर्दछ।

ग) "प्रमुख" भन्नाले निजगढ नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले निजगढ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले निजगढ नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद हेर्ने शाखा तथा इकाइलाई सम्झनु पर्दछ ।

च) "शिक्षण संस्था" भन्नाले प्रचलित नेपाल कानून बमोजिम स्थापना भएको विश्वविद्यालय, अध्ययन संस्थान, क्याम्पस वा विद्यालय समेत सम्झनुपर्छ ।

छ) "शिक्षा समिति" भन्नाले निजगढ नगरपालिकाको शिक्षा समिति सम्झनुपर्छ ।

ज) "सामाजिक विकास समिति" भन्नाले निजगढ नगरपालिका नगरकार्यपालिका अन्तर्गतको सामाजिक विकास समिति सम्झनु पर्छ ।

झ) "समिति" भन्नाले निजगढ नगरपालिकाको छात्रवृत्ति छनौट तथा सिफारिस समिति सम्झनु पर्छ ।

## परिच्छेद–२

## छात्रवृत्तिको लागि न्यूनतम शैक्षिक योग्यता र आधारभूत मापदण्ड

३. न्यूनतम शैक्षिक योग्यताः (१) छात्रवृत्ति प्राप्त गर्न आवश्यक शैक्षिक योग्यता शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षण संस्थाले तोके बमोजिम हुनेछ ।

४. छात्रवृत्ति उपलब्ध गराईनेः (१) नगरपालिकाले प्रत्येक आर्थिक वर्षमा विनियोजित बजेटको सीमाभित्र रही विपन्न तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने छ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराईने छात्रवृत्तिको मापदण्ड देहाय बमोजिम हुनेछः

क) छात्रवृत्ति शैक्षिक संस्थाद्वारा सञ्चालित शैक्षिक कार्यक्रमका लागि उपलब्ध हुनेछ ।

ख) छात्रवृत्ति माग गर्ने छात्र/छात्रा विपन्न, जेहेन्दार र लगनशील हुनु पर्नेछ ।

ग) छात्रवृत्ति माग गर्ने छात्र/छात्रा यस नगरपालिकाको स्थायी नगरवासी हुनु पर्नेछ ।

घ) छात्रवृत्ति माग गर्ने छात्र/छात्राको पारिवारको आर्थिक अवस्था विपन्न भई शैक्षिक संस्थालाई तिर्न/बुझाउनु पर्ने शुल्क बुझाउन नसक्ने हुनु पर्नेछ ।

५. <u>छात्रवृत्ति उपलब्ध गराउने शैक्षिक कार्यक्रमहरू:</u> नगरपालिकाले देहायका शैक्षिक कार्यक्रमका लागि छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ:

(१) तह

- क) स्नातक
- ख) स्नातकोत्तर
- ग) एम फिल
- घ) विद्यावारिधि
- ङ) प्राविधिक शिक्षा

(२) क्षेत्र

- १. विज्ञान

क) चिकित्सा

ख) इन्जिनियरिङ

ग) कृषि

घ) वन

ङ) भेटेरिनरी

च) डेरी टेक्नोलोजी

छ) फुड टेक्नोलोजी

ज) माईक्रो वाइलोजी

झ) अन्य ।

२. व्यवस्थापन

३. कानून

४. मानविकी

५. शिक्षा

६. सि. टि. ई. भि. टि. बाट सञ्चालित प्राविधिक शिक्षा

७. नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संकाय

(३) कोटा निर्धारण

क) प्राप्त आवेदनका आधारमा बजेटको परिधिभित्र रही नगर शिक्षा समितिबाट कोटाको निर्धारण हुनेछ ।

६. <u>छात्रवृत्तिको लागि आवेदन आव्हानः</u> समितिको बैठक बसी छात्रवृत्तिका लागि १५ दिने सार्वजनिक सूचना जारी गरिनेछ ।

७. छात्रवृत्तिको लागि पेश गर्नुपर्ने कागजातहरू: (१) छात्रावृत्ति प्राप्तिको लागि नगरपालिकाले तोकेको समय सिमा भित्र देहाय बमोजिमको विवरण पेश गर्नु पर्नेछ ।

क) छात्रवृत्ति पाउने विद्यार्थीहरूले *अनुसूचि-१* बमोजिमको निवेदन पेश गर्नु पर्नेछ ।

ख) विद्यालय वा क्याम्पसको सिफारिस पत्र पेश गर्नु पर्नेछ ।

ग) छात्रवृत्ति पाउने विद्यार्थीको परिचय पत्र ।

घ) विद्यार्थीको अघिल्लो शैक्षिक सत्र वा तह वा सेमस्टरको लब्धाङ्क पत्र ।

ङ) वडा कार्यालयको *अनुसूची-२* बमोजिमको आर्थिक विपन्नताको सिफारिस पत्र ।

(२) नेपाल सरकार वा कुनै राष्ट्रिय वा अन्तराष्ट्रिय मुलुक वा दात्री निकाय वा व्यक्तिबाट वा स्वदेशी संस्था वा व्यक्तिबाट प्राप्त नगद वा छात्रवृतिबाट निःशुल्क अध्ययन गरिरहेको विद्यार्थीले यस्तो सुविधा प्राप्त गर्न सक्ने छैन ।

## परिच्छेद – ३

## छात्रवृत्ति छनौट तथा सिफारिस समिति

८. छात्रवृत्ति छनौट तथा सिफारिस समिति: यस कार्यविधि बमोजिम छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि नगरपालिकामा देहाय

बमोजिमको छनोट तथा सिफारिस समिति रहनेछ । विनियोजित बजेटको आधारमा छात्रवृत्ति रकमको निर्धारण, आवश्यक मापदण्ड निर्धारण र विद्यार्थीको पहिचान गर्ने अधिकार यसै दफा बमोजिमको समितिमा रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

ख) प्रशासन शाखा प्रमुख — सदस्य

ग) शिक्षा शाखा प्रमुख — सदस्य सचिव

९. <u>समितिको काम कर्तव्य अधिकार:</u>

क) नगरपालिकाले उपलब्ध गराउने छात्रवृत्तिको लागि सूचना प्रकाशन गर्ने, निवेदन प्राप्त गर्ने र निवेदन दर्ता गरी सो को सूचना प्रकाशन गर्ने,

ख) स्वीकृत बजेटको सीमा भित्र रही छात्रवृत्तिको संख्या र रकम सिफारिस गर्ने,

ग) छात्रावृत्ति उपलब्ध गराउँदा पारदर्शी ढङ्गले गर्न गराउन आवश्यक शर्त तथा मूल्याङ्कनका आधार तयार गरी नगर शिक्षा समितिबाट अनुमोदन गराई कार्यान्वयन गर्ने,

घ) नगरपालिकाले उपलब्ध गराउने छात्रवृत्तिलाई लक्षित वर्ग केन्द्रित गरी सिफारिस गर्ने,

ङ) छात्रवृत्तिको लागि विद्यार्थिको छनोट गरी नगर शिक्षा समितिमा सिफारिस गर्ने,

च) नगर कार्यपालिका तथा नगर शिक्षा समितिले निर्देशित गरेको अन्य कार्यहरू गर्ने/गराउने ।

१०. समितिको बैठक सम्बन्धी व्यवस्था: (१) समितिको बैठक वर्षमा कम्तिमा २ पटक बस्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएता पनि छात्रवृत्ति सम्बन्धी कुनै काम गर्न आवश्यक देखिएमा संयोजकको निर्देशनमा सदस्य सचिवले जुनसुकै बखत समितिको बैठक बोलाउन सक्नेछ ।

(३) समितिको बैठकमा विषय विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको बैठक सञ्चालनको खर्चको व्यवस्थापन कार्यालयले गर्नेछ।

## परिच्छेद – ४

## छात्रवृत्ति कोटा निर्धारण तथा रकम भुक्तानी

११. छात्रवृत्ति कोटा निर्धारण: (१) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरूको पर्न आएको निवेदनको आधारमा विद्यार्थीहरूको तथ्याङ्क संकलन गरी सो तथ्याङ्कको

आधारमा छात्रवृत्ति शिर्षकमा रहेको बजेटको श्रोत हेरी छात्रवृत्तिको लागि कोटा निर्धारण गरिनेछ ।

(२) छात्रवृत्ति कोटा निर्धारण अध्ययनको विषय र योग्यताक्रमको आधारमा गरिनेछ ।

(३) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थिले अघिल्लो तहमा प्राप्त गरेको प्राप्ताङ्क र निजले अध्ययन गरिरहेको विषयको आधारमा अध्ययनरत शैक्षिक संस्थामा सो शैक्षिक सत्रमा बुझाउन पर्ने मासिक शुल्कको २५%, ५०% र ७५% प्रतिशतले हुन आउने रकम मात्र छात्रवृत्ति वापत विद्यार्थीको खातामा नै उपलब्ध गराईनेछ ।

१२. <u>छात्रवृत्ति रकम भुक्तानी:</u>

क) छात्रवृत्ति प्राप्त गर्न विद्यार्थीले सम्बन्धित शिक्षण संस्थामा भर्ना भई शिक्षण संस्थाले अध्ययनरत रहेको व्यहोराको सिफारिस गर्नुपर्नेछ । उक्त सिफारिसमा सम्बन्धित विषय अध्ययन गर्न लाग्ने शुल्कको व्यहोरा समावेश हुनु पर्नेछ ।

ख) छात्रवृत्तिको रकम निर्धारण गर्दा शैक्षिक कार्यक्रमको आधारमा एकमुष्ट, वर्षैपिच्छे बुझाउने किस्ता रकम वा शैक्षिक कार्यक्रमले निर्धारण गरे बमोजिम हुन सक्ने छ ।

ग) नगरपालिकाले उपलब्ध गराउने छात्रवृत्तिको रकम छात्रवृत्ति पाउने छात्र/छात्राको नाममा नगदै उपलब्ध गराउन वा

निजको अभिभावक वा संरक्षकको बैक खातामा जम्मा गरिदिन सक्नेछ ।

घ) कुनै सरकार वा अन्य संघ, संस्थाबाट छात्रवृत्ति प्राप्त गरीरहेका विद्यार्थीहरूले दोहोरो रूपमा छात्रवृत्ति पाउने छैनन् । यसको लागि निजले *अनुसूची-३* बमोजिम स्वघोषणा गर्नु पर्नेछ ।

ङ) छात्रवृत्ति पाउने छात्र/छात्रा र निजको अभिभावकले छात्रवृत्ति बापत नगरपालिकाबाट प्राप्त भएको रकम अन्य प्रयोजनमा खर्च नगर्ने तथा अध्ययन/अध्यापनमा तोकिए बमोजिम पूर्ण सदुपयोग गर्ने व्यहोराको *अनुसूची-४* बमोजिमको कबुलियतनामा गर्नु पर्नेछ ।

च) छात्रवृत्ति बापत उपलब्ध गराएको रकम खण्ड (ङ) को विपरित अन्य क्षेत्रमा खर्च गरी दुरूपयोग भएको पाईएमा त्यसरी उपलब्ध गराएको छात्रवृत्ति बापतको रकम दुरूपयोग गर्ने व्यक्तिबाट नगरपालिकाले असुलउपर गर्नेछ।

१३. <u>छात्रवृत्ति उपलब्ध गराउनेः</u> (१) दफा ८ बमोजिम गठित समितिको सिफारिसको आधारमा नगरपालिकाको नगर शिक्षा समितिले छात्रवृत्ति उपलब्ध गराउने निर्णय गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी प्रकृयागत कामकारवाही नगरपालिकाको शिक्षा शाखाले गर्नेछ ।

(३) नगरपालिकाबाट दिईने छात्रवृत्ति प्राप्त गर्न यस नगरपालिकाको स्थायी बासिन्दा हुनु पर्नेछ ।

१४. संसोधन तथा खारेजीः यस कार्यविधिमा आवश्यक्ता अनुसार कार्यपालिकाले संशोधन, परिमार्जन, थपघट वा खारेजी गर्न सक्ने छ ।

१५. बाधा अड्काउ फुकाउनेः यो कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा, अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

*अनुसूची १*

## छात्रवृत्ति आवेदन फारम

दुबै कान देखिने
हालसालै खिचेको
फोटो

श्री निजगढ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

निजगढ बारा ।

मितिः ...............

विषयः छात्रवृत्ति पाऊँ ।

महोदय,

प्रस्तुत विषयमा यस नगरपालिकाको वडा नं. ......... निवासी .....................को नाती/नातिनी ................................ को छोरा/छोरी म............................ ले नगरपालिकाबाट वितरण हुने छात्रवृत्ति ........................संकायको ..........................विश्वविद्यालय/परिषद्को .................................. विषयमा ........................ तह ..................................... विद्यालय/क्याम्पसमा अध्ययनको लागि छात्रवृत्ति पाऊँ भनी यो निवेदन पेश गरेको छु ।

निवेदक
नामः
हस्ताक्षरः
सम्पर्क नम्बरः
मितिः

दायाँ　　बायाँ

*अनुसूची २*

## आर्थिक रूपमा विपन्नताको सिफारिस पत्र

श्रीमान् अध्यक्ष ज्यू
छात्रवृत्ति छनोट समिति
निजगढ नगरपालिका, बारा ।

विषयः विपन्नको सिफारिस गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा, यस निजगढ नगरपालिका वडा नं .... का स्थायी वासिन्दा ..................................................................................को नाति/नातिनि ..................... ........................................ को छोरा/छोरी श्री/सुश्री/श्रीमती ........................................ .................... मिति ............ देखि..................... सम्म .............................. सामुदायिक विद्यालयमा अध्ययन गरी एस.ई.ई.उत्तीर्ण गरेका विद्यार्थी हुन् । निजको/ निजका पारिवारको आर्थिक अवस्था न्यून रहेका कारणले विपन्न भएको देखिदा निजलाई विपन्न व्यक्तिको लागि सुरक्षित गरिएको छात्रवृत्तिको आरक्षित स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनुहुन यस वडाको मिति २०............................... गतेको निर्णय अनुसार सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

<u>सिफारिस गर्नेकोः-</u>
नाम थरः
पदः
सहीः
मितिः
वडा कार्यालयः वडा नं........................... कार्यालयको छापः

अनुसूची ३

श्री निजगढ नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय

निजगढ, बारा ।

**स्वघोषणापत्र**

श्रीमान् संयोजक ज्यू,

छात्रवृत्ति सिफारिस समिति,

निजगढ नगरपालिका, निजगढ, बारा।

विषयः छात्रवृत्तिको सदुपयोग गर्ने सम्वन्धी स्वघोषणा।

म ................................................................., निजगढ नगरपालिका, वडा नं. ...... निवासी श्री...................... ................क्याम्पसको ............ को तह/कक्षा ........ मा अध्ययनरत विद्यार्थी हुँ।

निजगढ नगरपालिकाको "विद्यार्थी छात्रवृत्ति कार्यक्रम" अन्तर्गत छनौट भई प्राप्त हुने छात्रवृत्ति रकमका सम्वन्धमा म तपसिल बमोजिमका सर्तहरू पालना गर्ने प्रतिवद्धताका साथ यो स्वघोषणा गर्दछु:

१. नगरपालिकाबाट प्राप्त छात्रवृत्ति रकम म मेरो शैक्षिक प्रयोजन (भर्ना शुल्क, मासिक शुल्क,) मा मात्र खर्च गर्नेछु ।
२. उक्त रकम अन्य कुनै पनि अनावश्यक वा विलासिताका कार्यमा खर्च गर्ने छैन।
३. म आफ्नो अध्ययनलाई पूर्ण अनुशासित र लगनशील भई निरन्तरता दिनेछु।
४. यदि मैले अध्ययन विचमै छोडेमा वा छात्रवृत्तिको दुरुपयोग गरेको पाइएमा नगरपालिकाको नियम अनुसार हुने कारवाही भोग्न तयार छु।
५. मैले/मेरो छोरा/छोरीले यस शैक्षिक सत्रका लागि अन्य कुनै पनि सरकारी निकाय, संघ, संस्था वा दातृ निकायबाट कुनै पनि प्रकारको दोहोरो छात्रवृत्ति सुविधा प्राप्त गरेको छैन ।
६. यदि मैले झुटो विवरण पेश गरेको ठहरिएमा वा अन्य निकायबाट समेत छात्रवृत्ति लिइरहेको प्रमाणित भएमा, मैले पाएको छात्रवृत्ति रकम फिर्ता बुझाउन र प्रचलित कानून बमोजिम हुने सजाय भोग्न म मन्जुर छु ।
७. मैले पेश गरेका अन्य कागजातहरू (लगायत वडाको सिफारिस) समेत सत्य र सही छन् ।

८. मैले पेश गरेका सम्पूर्ण कागजातहरू सत्य र तथ्यमा आधारित छन्, झुट्टा ठहरिएमा प्रचलित कानून बमोजिम सजाय भोग्न मञ्जुर छु।

**घोषणा गर्नेको विवरणः**

नामः ....................................

हस्ताक्षरः ..............................

मितिः ....................................

अभिभावकको नामः ........................

दस्तखतः ....................................

ठेगानाः ....................................

सम्पर्क नम्वरः ............................

*अनुसूची ४*

<u>कवुलियतनामा</u>

मितिः ..........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
निजगढ नगरपालिका
निजगढ, बारा ।

विषयः– <u>कवुलियतनामा सम्बन्धमा</u> ।

प्रस्तुत विषयमा म निवेदक.............................. को ............................................ कलेज/विश्वविद्यालयमा ......... तह मा ................. विषयमा ....... वर्ष देखि भर्ना भई अध्ययनरत रहेकोले यस नगरपालिकाले प्रदान गर्ने आंशिक छात्रवृत्ति पाउन दरखास्त पेस गरेकोमा नगरपालिकाको छात्रवृत्ति सम्बन्धी कार्यविधि अनुसार तहाँ नगरपालिकाले मलाई उक्त विषय अध्ययनका लागि आंशिक छात्रवृत्तिमा मनोनयन गरेकोमा मैले अध्ययन पूरा गरे पश्चात ३ महिना भित्र नगरपालिकामा सम्पर्कमा आउनेछु । अध्ययन समाप्त भए पछि प्रचलित कानून बमोजिम म कलेज भर्ना हुनु पूर्व नै .................. संस्थामा सेवा गर्ने कवुलियतनामा अनुसार सेवाका लागि खटाएको स्थानमा सेवा गर्ने छु । अन्यथा यसै नगरपालिकाले खटाए अनुसार बढीमा ६ महिना नगरपालिकाले उपलब्ध गराउने निर्वाह खर्च लिई नगरपालिका भित्र सेवा गर्न मञ्जुर छु । अध्ययन समाप्ति भएको ३ महिना भित्र नगरपालिकामा सम्पर्कमा नआएमा वा यो कवुलियतनामा अनुसार सेवा नगरेमा नगरपालिकाले उपलब्ध गराउने सेवा सुविधा रोक्का गरेमा मेरो मन्जुरी छ । मैले पेस गरेका कागज प्रमाण र विवरण सहि साँचो हुन झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**औठा छाप**

| | |
|---|---|
| | |

**निबेदकको**

निवेदकको नाम थरः
हस्ताक्षरः..................
अध्ययन गर्ने विषयः.................
अध्ययन गर्ने तहः ................
अध्ययन अवधिः ......... वर्ष.........महिना
अध्ययन गर्ने संस्थाको नाम ठेगानाः..........
अध्ययन शुरू मितिः २०........
अध्ययन पुरा हुने मितिः .........

<u>आज्ञाले</u>
सुर्य प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत